

दीपेन्द्र बज्राचार्य

# संवृद्ध सहर, जीविका र गरिबी


## भास्कर गौतम र जगन्नाथ अधिकारी


सहरीकरण र सहरी सभ्यतासम्बन्धी उल्लेख्य सामग्रीहरूको खडेरीले संकेत गर्छ नेपाली समाजमा यस विषयको बहस निकै मलिनो छ । यसमा निरन्तर घोत्लिने अध्येताहरूको अभाव छ । नेपाल मूलतः कृषिप्रधान र ग्रामीण समाज भएको वास्तविकता सामु यो स्वाभाविक पनि हो । यद्यपि नेपालमा सहरी बस्तीको इतिहास भने लामो छ (Tiwari 2001) । तर नेपालमा सहरी जीवन पद्धतिलाई व्यापक आयाम दिने कार्य भएको पाइँदैन । कृषि उत्पादनमा लगानी गर्नुपर्छ र गाउँको मुहार परिवर्तन गरेर मात्र नेपालको उन्नति हुन्छ भन्ने पाठ नै हालसम्म सरकारी मानसिकता र विकासे योजनाकारको आधार बनिरह्यो । गाउँको स्वरूपमै परिवर्तन उन्नत नेपाली समाजको प्राथमिक आधार भएकाले कृषिको उत्पादन बढाउन अत्यावश्यक भएकोमा दुईमत छैन । तर करिब ६० वर्षको सरकारी, सरकारी साझेदारीका दातृ प्रयासहरू र दातृ निकायको विकासे पेलानले यिनै दुइटा कुरामा ठूलो ह्रास ल्याएको छ । समग्रमा कृषिमा भएको लगानी फलदायी नभएकै कारण कृषिजन्य वस्तु निर्यात गर्नेबाट आयात गर्ने

देशमा नेपाल परिणत भइरह्यो । अर्थात् कृषिजन्य उत्पादनले वर्षभरि खान पनि नपुग्ने अवस्थातर्फ कृषि क्षेत्रको अवनति भयो ।

अर्कोतर्फ चौतर्फी रूपमा राज्यले बेवास्ता गरेकै कारण गाउँको स्थिति झन्झन् नाजुक, संकटमय र अभावग्रस्त भइरह्यो । ग्रामीणवासीको जीवनयापन हिजोभन्दा कठिन हुँदै आइरहेको छ । यसका संकेतहरू सहरतर्फको बसाइँसराइ, मूलतः श्रमका लागि ठूलो संख्यामा भारत, मलेसिया र खाडी देशतर्फको पलायन आदिबाट देख्न सकिन्छ । यस्तो किन भयो भनेर झट्ट दिने जवाफः रोजगारीको अभाव, जीविका चलाउने अन्य अवसर नहुनु, राजनीतिक अस्थिरता र एक दशकको द्वन्द्व आदि भए पनि गहिरो कारणहरू पहिल्याउन एकपक्षीय विश्लेषणले मात्र पुग्दैन । बहुआयामिक विषय र क्षेत्रका अनुसन्धान र बुझाइले मात्र सहर र गाउँ दुवै क्षेत्रमा धेरै हिसाबले सफल हुन नसकेको गरिबी न्यूनीकरणका अभ्यासहरूलाई मिहिन रूपले बुझ्न सघाउँछ । साथै कालान्तरमा यस्ता गल्ती नदोहोऱ्याउने ठोस आधार प्रदान गर्छ । यो पुस्तक अनेकौँ बहुआयामिक क्षेत्रहरूमध्ये एउटा अन्तरनिहित पक्ष – सहरीकरण र सहरी जीविका विषयको अध्ययन हो ।

मूलतः ६० वर्षदेखिको विकासे पेलानसँगै ठूलै हिसाबले ओझेलमा परेको सहरीकरण र सहरी जीविकाको विषयमा पुस्तक निकाल्नु हर्षको विषय रह्यो । तथापि यस हर्षले ठूलो चुनौती पनि सँगै लिएर आयो । यही चुनौतीको कारण त्यस्ता थुप्रै विषयवस्तुमा हामीले लेख समावेश गर्न सकेनौँ जुन निकै महत्त्वपूर्ण छन् । केही गहन र महत्त्वपूर्ण विषयमा लेख्न आग्रह गरेका लेखकहरूले आफ्नो वाचा पूरा नगरेको कारण लेख समावेश गर्न सकिएन । अनि आफ्नो लेख समावेश गरेका केही लेखकहरूले पटक पटकको पुनर्लेखनपछि पनि प्रकाशनयोग्य बनाउन सकेनन् । यसप्रति हामीलाई निकै खेद छ । त्यसैले यो परिचयको पहिलो खण्डमा पुस्तकमा समावेश गरिएका विषयवस्तुको समीक्षा प्रस्तुत छ । यस्तै दोस्रो भागमा मूलतः तिनै विषयहरूको सैद्धान्तिक चर्चा गरिनेछ जसलाई चाहँदाचाहँदै पुस्तकमा समावेश गर्न सकिएन ।

सहर मानव सभ्यताको एउटा अभिन्न अंग हो । यो नेपाललगायत सबै देशमा द्रुत गतिमा बढिरहेको तथ्य सर्वविदित छ । नेपाली समाजमा औद्योगिक आर्थिक आधारहरूको अभाव अद्यापि रहे पनि व्यापारिक माध्यम र थलोको रूपमा उपत्यकाका सहरहरूले लामै इतिहास बोकेका छन् (हेर्नुहोस् शर्मा; तिवारी यसै पुस्तकमा) । विश्वका थोरै मात्र पुराना पहाडी बस्ती बसेको ऐतिहासिक सहरहरूमा काठमाडौँ उपत्यका पर्ने भए पनि सामाजिक अध्ययन अनुसन्धानको परम्परा नै नबोकेको कारण नेपाली समाजमा अन्य धेरै विषय जस्तै सहरीकरणबारे तथ्यपरक र व्यवस्थित ज्ञानको

निरन्तर उत्पादन भएको पाइँदैन । औँलामा गन्न सकिने केही काम तिवारी र शर्माले गरेका छन् जसले नेपालको सहरीकरणका पक्षहरूबारे जानकारी दिन्छ (Tiwari 2001; 2002, Sharma 1989) । अन्यथा नगरसम्बन्धी पुरानो ज्ञानका लागि धर्मग्रन्थ, किंवदन्ती, शिलालेख वा अन्य सन्दर्भमा लेखिएका नेपाली समाजको इतिहासमा भरपर्ने अवस्था छ । लामो मौखिक इतिहास, शिक्षाबाट वर्जित गरिएको राणाकालीन निरंकुश शासन र राणाशासन पतनको केही समयपछि पनि फरक विचारलाई मौलाउन नदिने पञ्चायती व्यवस्थाका कारण करिब तीन/चार शताब्दीको विगतबारे नेपाली समाजमा प्रशस्तै लेखिएको छैन । अझै राजा रजौटा इतर समाजिक इतिहास त लगभग ठप्पै जस्तो छ । तथापि महेशचन्द्र रेग्मीका कामहरूलाई यसको एउटा उल्लेख्य अपवादको रूपमा लिने गरिन्छ (हेर्नुहोस् Regmi 1977; 1978) । अन्यथा केवल सरकारी प्रपञ्च र चाहनाअनुरूप वीरताको गाथा, राजा रजौटाका कथनी र सरकारी प्राथमिकताका विकासे अवधारणाहरूले सार्वजनिक ज्ञानको वृत्तलाई ढाकेको पाइन्छ । त्यसैले २००७ सालपछिको नेपालमा समेत मूलत: पञ्चायती राजको बाहुल्य, शिक्षाको प्रारम्भिक जग र सुचारु राजनीतिको अभावका कारण अन्य धेरै विषयमा जस्तै सहरीकरण जस्तो हेर्दा झिनामसिना लाग्ने क्षेत्रमा पनि ठोस कामहरू नगन्य मात्रामा हुनु एकप्रकारले आश्चर्य होइन । सहरीकरणको लेखनमा रहेको यो अभाव यस पुस्तकका लेखहरूमा पनि झल्किएको छ ।

## यस पुस्तकमा

२०४६ सालपछिको राजनीतिक खुलापनसँगै गैरसरकारी संस्था (गैसस) हरूको बाढी नै आयो । साथै आर्थिक उदारीकरणको नीतिले पनि तीव्र रूप लियो । यस्तो उदार र खुला परिवेशमा एकाएक नेपाली समाजमा धेरै किसिमको उथलपुथल भएको प्रस्टै छ । यिनै चौतर्फी उथलपुथलको एउटा असर हामीले सहरीकरण र जीविकाका विविध आयामहरूमा पनि देखिरहेका छौँ । यो पुस्तक त्यसैलाई लिपिबद्ध गर्ने एउटा सानो प्रयास हो । यस पुस्तकमा समावेश तेह्रओटा लेखहरूलाई क्रमश: पढ्दा वा केही लेखहरू पढ्दैमा पनि थाहा हुन्छ 'सहरी पक्षपाती' नीति भइरहेको आरोप लागेको अन्तर्राष्ट्रिय परिवेशमा पनि राजनीतिक नेतृत्व वर्गले 'ग्रामीण विकास'[१] नै अर्थतन्त्रको मेरुदण्ड रहेको मान्यता बोकेका छन् । यो सोचाइ अद्यापि कायम छ । यसले सहरी क्षेत्र र सहरी गरिबी निवारण वा जीविकोपार्जन सुदृढ गर्ने

---

[१] नेपालमा अहिले कुल गार्हस्थ उत्पादनको ६० प्रतिशत सहरी क्षेत्रबाट आउँछ तापनि नेतृत्व वर्गले देशको आर्थिक आधार ग्रामीण क्षेत्र नै भन्ने गरेको पाइन्छ ।

सवाल भने छायामा पर्दै आएको छ । तथापि सहरी क्षेत्रमा सम्पत्तिको केन्द्रीकरण, भौतिक संरचनाको निर्माण, बजार र बसोबासको दृष्टिबाट अव्यवस्थित सहरीकरण बढिरहेको तथ्य उत्तिकै सत्य हो । नेपालको एकीकरणदेखि नै केन्द्रीकृत नीतिले गर्दा देशको सम्पत्ति थुप्रिने थलो मूलतः काठमाडौं भएको छ । हाल पनि नेपालका अन्य भाग र ग्रामीण जीवनमा सुधार ल्याउने तथा 'गरिबी न्यूनीकरण' मा सहयोग पुऱ्याउने नाममा आउने विदेशी सहयोगको चलखेल काठमाडौँमै हुने गरेको छ । परिणाम विदेशी अंशको ठूलो हिस्सा पनि अन्ततोगत्वा यहीँ नै थुप्रिन्छ । यो स्थिति माओवादी विद्रोह सुरु हुनुभन्दा पहिले पनि थियो । पछिल्लो एक दशकमा त झन् द्वन्द्वकै कारण पनि सहरी क्षेत्रमा ग्रामीण क्षेत्रको जनसंख्याको साथै सम्पत्तिको स्थानान्तरण भएको छ । यसै पनि राजनीतिक एकाधिकार र स्रोतको बाँडफाँडले असमान रहेको नेपाली समाजमा पछिल्ला अभ्यासले आर्थिक असमानता बढाउन सघाएको छ । सहरी क्षेत्रमा यस्तो आर्थिक असमानता झन् बढिरहेको आभास पुस्तकमा समाविष्ट अधिक लेखहरूबाट पाउन सकिन्छ । सामाजिक विभेद र असमानताले गर्दा गरिबी बढिरहेको सन्दर्भमा सामाजिक न्याय र समान अवसर प्रदान गरी सहरीकरणको पथमा नगई नेपाललाई सुख छैन । यसका लागि गाउँ नै गाउँको देश रहेको नेपाली समाजको वास्तविकतामा परिवर्तन ल्याउने आसन्न आवश्यकतालाई पुस्तकको पहिलो लेखमै पीताम्बर शर्माले राम्ररी औँल्याएका छन् । शर्मा भन्छन् नेपाललाई संवृद्ध तुल्याउने महत्त्वपूर्ण बाटो पनि सहरीकरणको प्रक्रिया नै हो । यसले मात्र नेपाली नागरिकको जीविकाका अवसरहरूलाई बहुआयामिक बनाउन सक्छ । तथापि योजनाबद्ध रूपमा सहरको विकास गर्ने र सहरवासीको जीवनलाई गुणस्तरीय बनाउने कार्य चुनौतीपूर्ण छ । पुस्तकमा समावेश सुदर्शनराज तिवारीको सहरी योजना र जीवन पद्धतिको सांस्कृतिक इतिहास होस् वा राजेन्द्र गिरीको सहरी शासन, यो वास्तविकताको अनुभूति सहजै गर्न सकिन्छ ।

सहरी गरिबी नहटाई संवृद्ध सहरको सपना सम्भव छैन । २०५० को दशकको प्रारम्भसँगै यस विषयमा चासो बढिरहेको छ । गरिबी निवारण सम्पूर्ण विश्वकै र विशेष गरी विकासशील देशकै आवश्यकता भइरहेको छ । सहस्राब्दी विकास लक्ष्य तोकिनुले यसप्रतिको आम वास्तविकतालाई लक्षित गर्छ । नेपालमा पनि हाल चलिरहेको दशौं योजना (२०५८-२०६३) को मुख्य उद्देश्य नै गरिबी न्यूनीकरण रहेको छ । यस सन्दर्भमा सहरी र ग्रामीण गरिबीका विशेषता के हुन् भन्ने प्रश्न समेत उठिरहन्छ । तर माथि भने जस्तै नेपालमा यो बहसले सघन आकार ग्रहण गरेको छैन । नेपालमा गरिबीको बहस मूलतः ग्रामीण सन्दर्भ, विकास उद्योग र

सरकारी बजेट र योजनामा केन्द्रित छ (गौतम र अरू २०६१) । अर्कोतर्फ आर्थिक-राजनीतिक शक्तिमा प्रभुत्व कायम गर्न राजनीतिक प्रक्रियालाई नै उल्टयाउने नेपाली राजनीतिक अभ्यासहरूले विभिन्न स्रोतमाथि कब्जा जमाउँदै त्यसलाई सीमित स्वार्थका लागि प्रयोग गरेको उदाहरण धेरै पाइन्छ । २०५४/०५५ सालमा नगरपालिकाको सबैभन्दा मुख्य आर्थिक स्रोतको रूपमा रहेको चुंगीकरको खारेजी एउटा सानो दृष्टान्त हो जहाँ केन्द्रीय राजनीतिक प्रभुत्व कायम राख्न सरकार दृढ देखियो (नेपाल नगरपालिका महासंघ २०६२ : ८१) । यसको केही समयपछि तत्कालीन सरकारले स्थानीय स्वायत्त शासन ऐन, २०५५ ल्यायो । यो आफैमा नमिल्ने कार्य थियो । यसै पुस्तकमा पवन लोहनीको लेखमा समेटिएको नगरपालिकाको वित्तीय व्यवस्थामा रहेको नीतिगत र व्यावहारिक विरोधाभासले अर्को पक्ष समेटको छ । यिनै राजनीतिक र आर्थिक स्वार्थको परिणाम नगरपालिका नै सहरको मानक भएको अवैज्ञानिक वास्तविकता सरकारी नीति निर्माताको सोचाइमा हाबी छ । यही मान्यतालाई मानकको रूपमा अनुसरण गर्न नेपाली विकासे संसार बाध्य छ । पीताम्बर शर्मा र मासाको तानाकाको लेखमा यो अन्योलताले सिर्जना गरेका जटिलताहरूको राम्रो व्याख्या पाइन्छ ।

विकासे संसारको बाध्यताको अर्को आयाम पनि छ । २०४६ सालपछि बिस्तारै सहरी जीविका र गरिबहरूको विषयमा चासो देखाउने गैससहरू देखिन थाले (हेर्नुहोस् तानाका यसै पुस्तकमा) । तिनले विगत एक दशकमा मूलतः सहरी बसोबास र सुकुमबासीका हकअधिकारहरू, सडक बालबालिका, खानेपानी माथिको पहुँच, सहरी वातावरण र फोहोर व्यवस्थापन आदि विषयमा बढी काम गरेका छन् । यस्ता क्षेत्रहरूमा काम गरिरहँदा धेरै दातृ निकाय र गैससहरूले कृषि तथा ग्रामीण विकास नै संवृद्ध नेपालको मेरुदण्ड हो भन्ने मान्यतालाई अन्य आयामबाट पनि हेर्न सकिने वा चुनौती दिने विचार एवं मान्यता अघि सारेनन् । यदाकदा त्यस्ता विचारहरू सार्वजनिक भइहाले पनि तिनले मूर्त रूप पाएनन् । रचनात्मक वैचारिक हस्तक्षेपकै रूपमा पनि सरकारको आलोचना गर्नु ठीक होइन भन्ने बुझाइ गैससले प्रतिनिधित्व गर्ने 'नागरिक समाज' मा हाबी भयो । कुनै प्रकारको सहमति वा सम्झौतामा सरकारसँग काम गर्न आवश्यक रहने उनीहरूको बुझाइले एकप्रकारको प्राथमिकता पायो ।[२] त्यसैले गैसस र सरकारका

---

[२] २०६० पछि विभिन्न समयमा एक्सन एड, राष्ट्रसंघीय विकास कार्यक्रम अन्तर्गतको ग्रामीण सहरी साझेदारी, स्थानीय प्रयासमार्फत सहरी विकास, अन्तर्राष्ट्रिय सहायताका लागि विकास (डीएफआइडी), सेभ द चिल्ड्रन (जापान), अन्तर्राष्ट्रिय गैसस संगठनका पदाधिकारीहरूसँग गरेको छलफलमा आधारित ।

वैचारिक र व्यावहारिक दुवै प्रकारको काम कारबाही, शैली, र तौरतरिकामा तात्त्विक भिन्नता पाइन्न । कतिपय अवस्थामा यी दुईबीचको सीमा कोर्न कठिन पर्छ । यही कारण पनि नेपालको विकास र योजनाका खाकाहरू लगभग एउटै ढर्रामा अघि बढिरहेको पाइन्छ । हालसम्म नगर/सहरको स्पष्ट एवं मान्य परिभाषा नहुनु, सहरी बुझाइमा अन्योलता र विरोधाभासको स्थिति विद्यमान रहनुले पनि यसतर्फ इंगित गर्छ । तथापि नेपाली विकासे संसारमा र सरकारी नीति तथा योजनामा क्षेत्रीय विकासको अवधारणा र जनसंख्याको बुझाइले भने कोल्टे फेरेको छ (हेर्नुहोस् पीताम्बर शर्मा यसै पुस्तकमा) । सहरीकरणको विस्तृत प्रक्रिया र विकासक्रम समावेश गरिएको शर्माको लेखमा जनसंख्याको चाप, औद्योगिक आर्थिक आधारको अभाव र नीतिगत अस्पष्टताले गर्दा सहरी सेवा उपलब्ध हुन नसकेको तर्क गरिएको छ । झलक सुवेदीको लेखले पनि यही नीतिगत अस्पष्टतालाई अझ बढी जोड दिएको छ । साथै कम आम्दानी, गरिबी आदि कारणले गर्दा समेत सहरी सेवामा सहरवासीको पहुँच पर्याप्त मात्रामा नभएको बुझ्न सकिन्छ । त्यसैले सहरी बुझाइको अभाव नै गरिबीलगायत सहरमा विद्यमान अनेकौँ समस्या निरूपण गर्न बाधक भएको यथार्थ हो । यस पुस्तकमा समाविष्ट धेरै लेखले यही वास्तविकतातर्फ संकेत गरेका छन् ।

यस अलावा पुस्तकमा सहरी प्रशासन र जीविकोपार्जनका विविध पक्षका लेखहरू समावेश गरिएको छ । राजेन्द्र गिरीको लेखले असल सहरी शासनको सहयोगमा मात्र सहरी गरिबी निरूपणका उपायहरू पहिल्याउन सकिन्छ भन्ने तर्क गर्छ । उनी भन्छन्– गरिब, पिछडिएको, समावेश नभएका समूहहरूलाई पनि सहभागी गराएर मात्र राजनीतिमा रहेको आभिजात्य वर्गको पहुँचलाई कम गर्न सकिन्छ । यसका लागि नीतिगत र कानुनी आधार महत्त्वपूर्ण हुने मान्यता उनको छ । यही मान्यताको अझ मिहिन विश्लेषण पवन लोहनीको लेख हो जसमा नगरपालिकाको वित्तीय व्यवस्थापनलाई प्राथमिकतासाथ केलाइएको छ । सहरी विकासलाई दिगो बनाउने वित्तीय व्यवस्था यी पक्षहरूलाई सुदृढ बनाउन स्थानीय स्वायत्त शासन ऐनका प्रावधानहरू पर्याप्त भए पनि राजनीतिमा रहेको सीमित वर्गको वर्चस्वको कारण तात्त्विक रूपमा केही हुन सकेको छैन । राजनीतिक वर्चस्वको आधारमा अभिजातहरूले आर्थिक-राजनीतिक संरचनालाई प्रभावित गरेकै कारण नगरपालिकाहरूले सहरमा निरन्तर रूपमा स्रोतहरूको विकास गर्ने र आन्तरिक रूपमै राजस्व प्राप्त गर्ने माध्यमहरू उपयोग गर्न सकेका छैनन् । त्यसैले सहरमा उपलब्ध गराउन सकिने अनेकौँ सेवाहरूबाट काठमाडौँलगायत सबै सहरहरू वञ्चित छन् । साथै, यस्ता उत्कृष्ट सेवा उपलब्ध

गराएबापत पुनः राजस्व उठाउन सकिन्थ्यो । त्यो पनि हुन सकेको छैन । पवन लोहनीको लेखले यिनै कुराहरूतर्फ इंगित गर्छ । तर यस्तो कार्य र सोचाइलाई सघाउने वास्तविकता नभएकै कारण अहिले सहरी वित्तीय व्यवस्थालाई सुदृढ गर्ने कार्य झन् चुनौतीमय भएको छ । परिणाम हुनेखानेहरूको स्वार्थका लागि मात्र सहर उपयोग हुँदै आएको छ । अभिजात वर्गले संरचनामा जमाएको अवैधानिक पकडकै कारण नगरपालिकाहरू राज्यकै निरीह संस्था सरह बनेका छन् । स्थानीय स्वायत्त शासन ऐन २०५५ लागू भएपछि पनि नगरपालिकाहरूले स्वतन्त्र रूपमा काम गर्न पाएको उदाहरण पाइँदैन ।

यस्तो स्थितिमा सहरमा राज्यको दायित्वको बहुआयामिक पक्षबारे खोतल्नु झन् चुनौतीमय भएको छ । पुस्तकमा समावेश झलक सुवेदी, मासाको तानाका, प्रकाश अमात्य, चिरन मानन्धर र अनौपचारिक क्षेत्रको विषयमा जगन्नाथ अधिकारीको लेखबाट देखिन्छ – सहरी गरिबीहरूको पक्षमा सरकारसँग कुनै योजना छैन । उनीहरूको जीवनलाई सहज बनाउने न कुनै नीतिगत सोचाइ नै छ न त कुनै कार्यक्रम । खानेपानीसम्बन्धी मेलम्ची योजना एउटा अपवाद हो । तर यो पनि अन्योलता, भ्रष्टाचार र विवादमा मुछिएको छ । अनि यिनै लेखहरूको सहयोगमा बुझ्न सकिन्छ गैससससँग पनि तात्त्विक रूपमा स्थितिलाई फरक बनाउन सक्ने विचार र कार्यक्रम छैन । तथापि स्थितिमाससानो फरक भने ल्याउन सक्छन् । कहीँ सेवा पुऱ्याएर त कतै समुदायहरूले नै गर्न खोजेको काममा सहयोग गरेर । त्यसैले यी लेखहरूले जीवनयापनका अनेकौं संघर्षमय पक्षहरूलाई मात्र केलाएका छैनन् सँगै सहरमा विद्यमान व्यापक विभेद र उचनीचको खाडललाई चित्रित गरेका छन् । उदाहरणका लागि सडक खाना अनौपचारिक क्षेत्रको एउटा मुख्य व्यवसाय हो । यसका केही फाइदा छन् भने केही बेफाइदा पनि । यसले सस्तोमा तथा विभिन्न मानिस/समूह, संस्कृति अनुरूपको खाना उपलब्ध गरेर कम आय भएकाहरूको जीविकोपार्जनमा सहयोग पुऱ्याएको छ । साथै कम आय भएका धेरैका लागि स्वरोजगारको माध्यम पनि बनेको छ । तर यी व्यवसायीहरूको रोजगारको अधिकार, स्वरोजगारका अवसरहरूमा पुऱ्याएको योगदान, वा सडकमा पनि पीजा, हेमबर्गर, हट डग आदि बेचेर गल्ली गल्लीका स्थानीय खानाको व्यापार वा ब्राण्डेड पसलहरूको अर्थतन्त्रमा पारेको असरबारे कम चर्चा गरिन्छ । केवल सडकमा उनीहरूले व्यापार गर्न पाउने वा नपाउने अथवा कुन समयमा पाउने आदि विषयमा बहस बढी केन्द्रित छ । साथै वातावरण प्रदूषित हुने तथा खानाको स्वस्थताबारे भने प्रश्नहरू उठाइन्छन् । यस्ता बहसहरू वर्गीय हिसाबले एकतर्फी देखिन्छन् जहाँ

गरिबको रोजगारी वा उनीहरूले अर्थतन्त्रमा पुऱ्याउने योगदानलाई पन्छाइन्छ । यसबाट थाहा हुन्छ सहरमा विभेदको खाडल व्यापक छ । साथै, स्रोत-साधनमा पहुँच नभएका नगरवासी चौतर्फी हिसाबले असमानताको शिकार बनिरहेका छन् । साथै, माथि भने जस्तै यो असमानतालाई चिर्ने वा निरूपण गर्ने स्पष्ट दृष्टिकोण र कार्यक्रम सरकारसँग छैन ।

सहरी क्षेत्रहरूमा गरिबी, सामाजिक असमावेशी तथा जीविकोपार्जन असुरक्षालाई सहरको आकृति तथा भौतिक संरचनाको विकास र यसमा अन्तरनिहित संस्कृतिले व्यापक रूपमा प्रभाव पारेको हुन्छ । यस पुस्तकमा समावेश सुदर्शनराज तिवारीको लेखले यही तर्कलाई स्थापित गर्न खोजेको छ । त्यसैले सहरको आकृति बनाउँदा र भौतिक संरचना निर्माण गर्दा यस्तो पक्षलाई ध्यान दिइएन भने कालान्तरमा सहरका गरिब र सर्वसाधारणलाई यसले व्यापक असर गर्छ । साथै जीविकोपार्जनसँग गहिरो अन्तरसम्बन्ध राख्न, संस्कृतिलाई नष्ट गर्न मात्र यो सहायक हुँदैन, सँगै सहरवासीहरूलाई जोखिममा पार्दै अन्य पेसा, व्यवसाय र संस्कार अँगाल्न बाध्य बनाउँछ । यसबाट सहरमा अवस्थित विभिन्न समुदाय, धनी, गरिब, शक्तिशाली समूह/वर्ग, महिला, पुरुष, केटाकेटी, असक्त, असहाय तथा बूढाबूढी आदिलाई के समस्या पर्दछ र परिरहेको छ भन्ने कुरा पनि बुझ्न सकिन्छ । तथापि भौतिक पक्ष र सहरवासीको जीविका/संस्कारबीच अन्तरसम्बन्ध स्थापित गर्ने लेख सुदर्शनराज तिवारीको मात्र हो । अन्यथा सहरी क्षेत्रभित्र हुने मानवीय विकासका प्रयास, नीति नियम बनाउने प्रक्रिया (जस्तै सहरी शासन, वित्तीय प्रणाली आदि) तथा सहरी सेवामाथिको पहुँच र जीवनयापनका आधार आदि विषयमा पुस्तक बढी केन्द्रित छ । त्यसैले पुस्तकमा अपांगताको सहरी संघर्ष र चासोहरू समेटिएको छ । यो लेखबाट थाहा लाग्छ सहरी वातावरण, उपलब्ध अवसर र संरचनाले उनीहरूमा अनेकौं व्यवधान खडा गर्दै बहुआयामिक हिसाबले सहरी गतिविधिबाट उनीहरूलाई वर्जित गरिरहेको हुन्छ (हेर्नुहोस् भट्टराई यसै पुस्तकमा) ।

यस पुस्तकमा समाविष्ट सीजू उपाध्यायको तयारी पोसाक र मजदुरहरूको रोजगारमा अन्तर्राष्ट्रिय व्यापारिक सम्झौताहरूले पारेको असर र लेखकद्वय राधा अधिकारी र इयान हार्परको नर्सिङ पेसासम्बन्धी लेख अन्य सबै लेखभन्दा पृथक् देखिन्छन् । उपाध्यायको लेखले कुनै एक वा अर्को किसिमले पराश्रयी हुने सहरको चरित्रलाई राम्ररी चित्रण गरेको छ । उनको लेखबाट देखिन्छ – औद्योगिक आधारहरू कम भएका नेपाली सहरहरू आर्थिक हिसाबले मात्र हैन तुलनात्मक रूपमा विशिष्ट सीपहरूको कम आवश्यकता पर्ने गार्मेण्ट उद्योगसमेत कतिपय

अत्यावश्यक सीपका लागि पराश्रयी छन् । साथै सहरी रोजगारीलाई अन्तर्राष्ट्रिय व्यापारिक सन्धि र सम्झौताले कसरी प्रभावित गर्छन् भन्ने राम्रो व्याख्या उपाध्यायको लेखमा पाइन्छ । अर्कोतर्फ अन्तर्राष्ट्रिय रोजगारका अवसरले निश्चित पेसा, त्योसँग गाँसिएको तालिम र शिक्षा साथै सहरी जीविकालाई फस्टाउन मद्दत गर्छ भन्ने चित्र राधा अधिकारी र इयान हार्परको नर्सिङसम्बन्धी लेखमार्फत बुझ्न सकिन्छ । यसरी सहरीकरण र जीविकाको अध्ययनमा र सहरी गरिबीको चर्चा गर्दा कम चासो देखिएको वा लुकेर बसेका विषयलाई समेत यस पुस्तकले बाहिर ल्याएको छ ।

त्यस्तै अर्को पक्ष पुस्तकमा प्रकाशित चौधओटा तस्बिर हुन् । दीपेन्द्र बज्राचार्य र चिरन मानन्धरले खिचेका अलावा पाटनका सडक बालबालिकाहरू देखिने तस्बिरलाई यहाँ समेटिएको छ । दीपेन्द्र बज्राचार्यको संयोजनमा भएको यो कार्यको मुख्य उद्देश्य 'सहरी सडक बालबालिकाको दृष्टिकोणमा उनीहरूकै संसारलाई तस्बिरमा कैद गर्नु' थियो । त्यसैले यस पुस्तकमा पनि यसलाई बेग्लै विषयवस्तु सरह हामीले लिएका छौँ ।

गाउँमा जस्तो समरूप स्थिति सहरमा हुँदैन । सबै गाउँ समरूप हुन्छन् भन्ने पनि होइन । तर अधिक सहर मूलतः धेरै वर्ग, समूहमा विभाजित, पेसागत विविधता र विशिष्टता बोकेका सघन आर्थिक क्रियाकलाप हुने फराकिला क्षेत्र हुन् । यही कारण विविधता नै यसको गुण हो जुन मूलतः खण्डित हुन्छ । त्यसैले ग्रामीण क्षेत्रको तुलनामा सहरी गरिबी बढी जोखिममा देखिन्छ । किनभने सहरका गरिबको सुरक्षाको सञ्जाल र आपसी सरसहयोग पाउने ठाउँ कम हुन्छ । साथै बजार-असफलताको प्रत्यक्ष प्रभाव उनीहरूमा परेको हुन्छ । यस पुस्तकमा समावेश गरिएका विभिन्न लेखहरूले यसतर्फ अनेकौँ व्याख्या गरेका छन् । तथापि समावेश गर्न नसकिएका विषयहरू धेरै छन् ।

## पुस्तकमा नसमेटिएका विषयहरूको सैद्धान्तिक पक्ष

सहरी क्षेत्रमा गरिबीलाई कसरी परिभाषित गर्नेबारे चलेको छलफलमा मुख्य दुई धार देखिन्छ । पहिलो धारमा अर्थशास्त्रको प्रभाव बढी छ । दोस्रो धारमा समाजशास्त्रीय, विशेष गरी मानवशास्त्रको प्रभाव रहेको छ । पहिलो धारलाई सहरवासीको आम्दानीको आधारमा जीवनयापनका अन्य सूचक जस्तै उत्पादनको स्वामित्व, मृत्युदर, औसत उमेर, खाद्यवस्तुमा जाने आम्दानीको अनुपात, शिक्षा, स्वास्थ्य र अन्य सेवामा पहुँच आदिसँग जोडेर हेरिन्छ । दोस्रो धारले बढी स्थानीय सन्दर्भलाई महत्त्व दिन्छ । गरिब बस्ती र इलाकामा बस्नेले आफूलाई कसरी

हेर्छन्, कस्तो सोचाइ राख्छन् भन्ने तथ्यलाई पनि महत्त्व दिइन्छ । यसबाहेक स्वतन्त्रता, सुरक्षा, आत्मसम्मान, पहिचान, आपसी शोषणरहित सम्बन्ध, निर्णय लिने स्वतन्त्रता, राजनीतिक अधिकार आदिलाई विशेष प्राथमिकता दिइन्छ (Rachel 1997) । जोखिमता, पहुँच र सामाजिक असमावेशीलाई पनि गरिबीको महत्त्वपूर्ण पक्षका रूपमा हेर्न थालिएको छ । दोस्रो धारमा राजनीतिक विचार समावेश भए पनि सहरी क्षेत्रका बहुआयामिक सामाजिक अन्तरसम्बन्धहरूमा राजनीतिको उपस्थितिलाई मिहिन रूपमा केलाएर सहरी गरिबीलाई विश्लेषण गरेको उति पाइँदैन । सँगै लैंगिक दृष्टिकोणबाट सहरी जीवनयापनमा विद्यमान विभेदको राजनीतिक अध्ययनविना सहरी क्षेत्रमा संघर्षरत महिला जीवनबारे पनि सघन विचार दिन सकिँदैन । सहरी गरिबीलाई अध्ययन गर्ने अधिक मान्यताहरूमा यस्ता आयामलाई पन्छाएको महसुस हुन्छ । यस्ता केही वास्तविकताबाट यो पुस्तक पनि अछुतो छैन । पुस्तकमा नर्सिङ पेसाबारे लेख समावेश गरिएको भए पनि लैंगिक संर्घष वा सहरी सवालको मिहिन राजनीतिक विश्लेषण गरिएका लेखहरूको पुस्तकमा अभाव छ ।

सहरी क्षेत्रमा सबैभन्दा चासोको विषय भौतिक संरचना रहँदै आएको छ । यसमा बढी विशेषज्ञता प्राप्त गरेका प्राविधिक (जस्तै सहरी योजनाकार, वास्तुविद् आदि) को ठूलो भूमिका रहेको छ (Legates and Stout 2001: 219-313) । प्राविधिक दृष्टिकोणले सहरको विकास गर्दा छिटो छरितोपना र प्रभावकारिता कसरी प्राप्त गरिन्छ भन्ने सोचाइले सहरको भौतिक विकासलाई डोऱ्याएको हुन्छ । तर प्रभावकारिता नाप्ने वा ठीक छ छैन भन्ने निर्णय कसले गर्ने ? यो प्रश्न उठिरहन्छ । तथापि सहरी ठाउँ भौतिक ठाउँ मात्र होइन (Legates and Stout 2001: 149-152) । डेभिड हार्भेका अनुसार मानिसहरूको एकआपसको सम्बन्धले यस्तो ठाउँलाई निश्चित आकार, कार्य र महत्त्व दिन्छ । यस्तो ठाउँलाई आर्थिक प्रणाली, राजनीतिक प्रणाली र वैचारिक प्रणाली तथा यी प्रणालीद्वारा निर्देशित सामाजिक व्यवहारले समाहित गर्छ । पुँजीवादी व्यवस्थामा ठाउँलाई निश्चित आकार दिन आर्थिक प्रणालीले बढी महत्त्व राख्दछ । राजनीतिक प्रणालीको मूलत: प्रभुत्व राख्ने/नियन्त्रण गर्ने र एकीकृत गर्ने/दबाउने दुई कार्य हुन्छ । त्यसैले प्रभुत्व कायम गर्दै र बिस्तारै एकीकृत गर्दै ठाउँलाई व्यवस्थित गरिन्छ । त्यस्तै वैचारिक प्रणालीअन्तर्गत ठाउँलाई विभिन्न प्रतीकात्मक चिह्नहरू दिइन्छन्, जसले गर्दा चाहेको वैचारिक मान्यता स्थापित हुँदै जान्छ (Harvey 2001: 199-207) । तथापि यी प्रणालीहरू समरूप कायम गर्ने वा सामाजिक–सांस्कृति विविधता प्रवर्द्धन गर्नेमध्ये कतातर्फ बढी ढल्केका छन्; आर्थिक, राजनीतिक र वैचारिक

सँगसँगै लैंगिक हिसाबले विभेदकारी छन् वा छैनन् आदि पाटोबाट पर्याप्त विश्लेषण गर्न सकिन्छ । यस पुस्तकमा समावेश गरिएको सुदर्शनराज तिवारीको लेखमा उपत्यकाका परम्परागत सहरमा जीवन पद्धतिलाई ध्यानमा राखेर सहरको आकृति र खुला ठाउँको आकार कोरिने सन्दर्भहरूको उल्लेख छ । तर नेपालमा 'खुला स्थान' को प्रयोग वा सिर्जना मुख्यतः पुरुषप्रधान आर्थिक प्रणाली, राजनीतिक प्रणाली तथा वैचारिक प्रणालीले निर्देशित गरेको देखिन्छ । फलस्वरूप यो सृजित ठाउँले महिलालाई भेदभाव गर्ने वा अप्ठ्यारो पारिरहेको छ । आर्थिक प्रणालीअन्तर्गत पुरुषहरूले काम गर्न जाने, पैसा कमाउने जिम्मा पाएका थिए/छन् भने महिलाहरूलाई घरमा बस्ने, घरायसी काम गर्ने जिम्मा दिइएको थियो/छ । विगतमा यही कार्यविभाजनको सोचाइअनुसार काम गर्ने ठाउँ, बस्ने ठाउँ, मनोरञ्जन गर्ने ठाउँ, यातायातको व्यवस्था, सहरी सेवाको व्यवस्था गरियो । यो मान्यता अद्यापि कायम छ । यसै संरचनाभित्र महिलाहरू काम गर्न जाँदा वा अन्य कार्यक्रममा सहभागी हुँदा व्यवधान खडा हुन्छ । महिलाहरूलाई केटाकेटी हुर्काउने र घरको काम थोपरिएकोले उनीहरूलाई 'काम गर्ने क्षेत्र' र 'घर क्षेत्र' को विभाजनले पनि समस्या पारिरहेको देखिन्छ । अझ काठमाडौँलगायत नेपालका कुनै पनि सहरमा केटाकेटी हेर्ने 'डे केयर सेन्टर', केटाकेटी लिएर हिँड्न सजिलो पर्ने यातायात प्रणाली आदिको यथोचित व्यवस्था छैन । यस्तो सुविधाको अभावले पनि सहरमा डुल्न वा काममा जान कठिनाइ पर्दछ । यही कठिनाइले गर्दा अहिले पनि सहरको औपचारिक क्षेत्रमा रोजगारी लिन वा सहभागी हुन महिलाहरूलाई निकै अवरोध छ । समय नमिल्ने, यातायातको असुविधा तथा अन्य डरहरूले गर्दा यस्तो सहभागितामा कमी आएको छ । यसको नतिजास्वरूप महिलाहरूको बढी संलग्नता अनौपचारिक क्षेत्रमा देखिँदै आएको छ । काठमाडौँकै सन्दर्भलाई हेर्ने हो भने पनि यो प्रस्ट देखिन्छ । यहाँको यातायात प्रणाली महिलालाई धेरै पीडादायक छ । उनीहरूलाई राति हिँड्न वा यातायातको साधन प्रयोग गर्न कठिनाइ परेकाले, उनीहरू विभिन्न सार्वजनिक कार्यक्रम वा अन्य महत्त्वपूर्ण वा इच्छाइएको ठाउँमा जान सक्दैनन्, जसले गर्दा राजनीतिक वा सार्वजनिक क्षेत्रमा सहभागी हुन गाह्रो पर्दछ । यो विशेषतः आफ्नो निजी यातायात साधन राख्न नसक्ने मध्यम वा गरिब महिलामा बढी लागू हुन्छ । सार्वजनिक यातायातको गिर्दो अवस्थाले उनीहरूको समस्या अझ टड्कारो रूपमा देखिएको छ । काम गर्ने स्थल घरबाट टाढा, कम आय, महँगो यातायात, केटाकेटीको चिन्ता आदि समस्याले महिलालाई घरबाहिरको रोजगारीमा लाग्न धेरै समस्या भोग्नु पर्दछ । अर्कोतर्फ भने पुरुषको आम्दानीको पनि ग्यारेन्टी नहुने, कम ज्यालादर, तलब

तथा उपभोग्य संस्कृतिको प्रभावले गर्दा महिलालाई पनि रोजगारीमा संलग्न हुन आर्थिक कारणले समेत बाध्य हुनुपरेको छ । यसै पुस्तकमा संलग्न अनौपचारिक क्षेत्रमा कार्यरत महिलाको भनाइबाट पनि यो तथ्य प्रस्टसँग देख्न सकिन्छ । नेपालमा हाल यो समस्या देखिए पनि धेरै अगाडि सहरीकरण भएको युरोप र अमेरिकामा यो समस्या औद्योगिकीकरणपछि र विशेष गरी द्वितीय विश्वयुद्धपछि देखा परेको थियो । यसका लागि पुँजीवादी आर्थिक व्यवस्था, पुरुषप्रधान समाज र विचार तथा यसलाई सहयोग गर्ने राजनीतिक व्यवस्था जिम्मेवार ठानिन्छ ।

औद्योगिकीकरण र पुँजीवादी विकासका लागि सुखी, निस्क्रिय, हडताल आदि नगर्ने साथै धेरै काम गर्ने मजदुर आवश्यक थियो । यसका लागि उनीहरूलाई छुट्टै निजी घरमा तथा कार्य स्थलबाट टाढा (सीमान्त सहरी क्षेत्रमा) बस्ने व्यवस्था भएमा उनीहरूले संगठन बनाउन नसक्ने, कामपछि आफ्नै निजी संसारमा रमाउने भएकाले अर्ध-सहरी क्षेत्रको निर्माण गरियो । सरकारले पनि यस कार्यमा लगानी गरेर सहयोग गऱ्यो । द्वितीय विश्व युद्धपछि हातहतियार बनाउने उद्योगहरू घरायसी सामग्री बनाउने उद्योगधन्दामा रूपान्तरित भए । घरमा बस्ने महिलालाई अब 'उपभोग' बढाउने एउटा माध्यमको रूपमा हेरिन थालियो । टीभीलगायत अन्य आमसञ्चारले महिलालाई लक्षित गर्न थाले जसले गर्दा यो घरभित्रको निजी क्षेत्र भए पनि यसको मनोवैज्ञानिक क्षेत्र भने आमसञ्चार, विज्ञापन तथा बजारले नियन्त्रण गर्न थाले । यसले गर्दा उपभोगको मात्रा बढेपछि र सोअनुसार काम गर्न पुरुषको आय नबढेपछि ऋण थुप्रिँदै गयो । अनि बैंकको किस्ता तिर्ने बाध्यताले महिलाहरू पनि काममा जानुपर्ने परिस्थिति सिर्जना भयो । तर पहिला निर्मित सहरी संरचना महिलाहरूको सुविधाअनुसार थिएनन् (Leonie and Forsyth 2001) । महिलाहरूले भोगेका यी समस्याहरूको मूलतः विकसित देशका सहरहरूमा व्यापक बहस भएको छ । तथापि यसको समाधान फेरि 'व्यापारिक' तवरबाट खोजियो । जस्तै, घरमा काम गर्ने महिला सहायक राख्ने, केटाकेटी हेर्न धाई राख्ने, डे केयर सेन्टर र सार्वजनिक यातायात निजी क्षेत्रलाई सम्पूर्ण रूपमा जिम्मा लगाउने वा आफ्नो 'चेन' वा 'सञ्जाल' बनाउने र महिलालाई घरका सामान किन्न र यातायातका साधन किन्न सस्तो ऋण दिने आदि (Dolores 2001) । तर यी सबै व्यापारिक समाधानले केही महिलाको समस्या सुल्झाउन सजिलो भए पनि अन्य महिलाको जीवन कष्टकर र कठिन बनाएको छ । साथै लैंगिक कार्य विभाजनलाई प्रोत्साहन दिइएको छ । विकसित देशका सहरमा घरायसी काम गर्न गरिब देशका विशेषतः मध्यम वर्गका महिला पुगेका छन् भने विकासशील देशका सहरमा कार्यालय वा बाहिर काम गर्ने महिलाले ग्रामीण क्षेत्रका गरिब महिलालाई प्रयोग

गरेका छन् । उदाहरणका लागि काठमाडौँमा यस्ता महिलाले घरेलु महिला कामदार राखेका छन् जसको विभिन्न प्रकारले शोषण भएको छ । यसकारण घरभित्रको आर्थिक स्थिति मात्र सुधारेर महिलाहरू संवृद्ध बन्न नसक्ने देखिएको छ । विभिन्न प्रणालीअनुसार निश्चित आकार ग्रहण गर्ने सहरी संरचनालाई समेत क्रमैसँग लैंगिक न्याय र अन्य विविधतालाई समाहित गर्ने संरचनातर्फ मोड्ने कार्य सँगसँगै सोचिनुपर्छ । यसले मात्र लैंगिक विभेद कम हुनसक्छ र समाजमा महिलाहरूले चिताए अनुरूपको सामाजिक/आर्थिक हैसियत कायम गर्न सक्दछन् । सहरी (वा ग्रामीण) गरिबी घटाउन लैंगिक पक्षलाई समेट्न पनि यो बुझाइ निकै आवश्यक हुन्छ । सहरी क्षेत्रको सन्दर्भमा, महिला घरमूलीको सन्दर्भ, एकल महिला, लैंगिक दृष्टिकोणले आवश्यकताको पहिचान, स्वास्थ्य र वासस्थानको पहुँच, गैरआर्थिक आम्दानी वा स्रोत माथिको पहुँचको विश्लेषण (जस्तै सूचना, कानुनी अधिकार आदि) र पुरुष/महिलाको स्रोतमाथिको पहुँच नियन्त्रणमा रहेको विभेद र असमानता आदिलाई पनि ध्यान दिनु पर्दछ ।

सहर सबैलाई बस्नलायक बनाउने उद्देश्यमा यातायात साधनमाथिको पहुँच, वातावरणीय न्यायको अनुभूति तथा रोजगारको व्यवस्था उत्तिकै आवश्यक हुन्छ (Wheeler 2001: 434-445) । माथि भने जस्तै सहरी यातायात साधारणतः गरिब तथा महिलाको सुविधाको दृष्टिकोणले बिरलै डिजाइन गरिन्छ । तर यातायातका साधनमाथिको पहुँचले गरिबको जीविकोपार्जनमा ठूलो असर पार्दछ । यहाँ पहुँच भन्नाले पर्याप्त, छिटो/छरितो, सस्तो र सुरक्षासँग सम्बन्धित छ । यातायातको असुविधा पनि सहरी गरिबी बढाउने एउटा कारक बन्दछ । फेरि गरिबी बढ्यो भने यातायातका साधन पुऱ्याउन कठिन पर्दछ । यातायातका साधनको पहुँच नभएमा काममा जान सक्ने क्षमता (जस्तै टाढा काम गर्न जाने क्षमता, बढी आम्दानी गर्ने मौका) कम हुन्छ । यसले गर्दा घरायसी आय कम हुन्छ । घरायसी आय कम भएमा यातायातको साधन प्रयोग गर्ने क्षमता कम हुन्छ । साधारणतः अहिले सहरीकरणको बढ्दो प्रभावले काममा जान/आउन बढी समय लाग्ने, यातायातको भाडा महँगो हुने, सार्वजनिक यातायातमा निर्भरता बढी रहेको स्थिति छ । अझ काठमाडौँलगायत नेपालका अन्य सहरमा साँझ परेपछि सार्वजनिक यातायात सहजै उपलब्ध हुँदैन । यसले लामो सयमसम्म काम गर्ने, विभिन्न समयावधि र सिफटमा काम गरेर आर्थिक आम्दानी बढाउने सम्भावनामा समेत व्यवधान खडा गरेको छ । सार्वजनिक यातायातको गिर्दो अवस्था र सहरी डिजाइन, जसले गैरमेसिन यातायातका साधन (जस्तै साइकल वा पैदल यात्री) प्रयोग गर्न हतोत्साही बनाउने प्रवृत्तिले गरिबहरूलाई बढी बोझ

परेको छ । बढ्दो प्रदूषण, धुवाँ, धुलो तथा हिँड्ने र साइकल चलाउने बाटोहरू नहुँदा यातायात खर्च बढिरहेको छ । बूढाबूढी र केटाकेटीलाई सुविधा दिने हिसाबबाट पनि यातायातका साधनको व्यवस्था भएको छैन । गरिब बस्तीहरूसम्म यातायात सेवा नपुग्दा वा गरिब बस्तीबाट सस्तो खाद्यान्न पाइने ठाउँसम्म जान कठिन भएको कारण सहरी गरिबको खाद्य असुरक्षा बढिरहेको छ (हेर्नुहोस् जगन्नाथ अधिकारी यसै पुस्तकमा) । यसका लागि राजनीतिक व्यवस्था उत्तिकै जिम्मेवार छ जसको बारेमा पुस्तकमा कम चर्चा पाइन्छ ।

वातावरणीय न्याय अर्को पक्ष हो जसले गरिबहरूको स्वास्थ्य र सरसफाइमा सीधा प्रभाव पार्दछ । राम्रो वातावरणीय न्यायको पूर्वाधार (जस्तै सूचनाको हक, प्रभावित समूह/व्यक्तिको निर्णयमा पहुँच, न्यायमा पहुँच) भएमा गरिबहरूले वातावरणीय समस्याको बढी बोझ बोक्नु पर्दैन, जसले गर्दा उनीहरूको स्वास्थ्य बिग्रने डर कम हुन्छ । साधारणतः गरिबहरू तथा सीमान्त समूहहरू वातावरणीय ह्रास वा प्रदूषणको बढी नकारात्मक प्रभावले ग्रस्त हुन्छन् । गरिब तथा सीमान्त वर्गमा यी शक्तिहरूमा पहुँच हुँदैन र प्रदूषणको बोझ बढ्ने बेलामा उनीहरूले त्यसलाई पन्छाउन सक्दैनन् । अरू अवस्थामा पनि प्रदूषणको प्रभावबाट मुक्ति पाउने अवस्था सिर्जना गर्न गरिबहरू अशक्त हुन्छन् । यसले उनीहरूको स्वास्थ्य प्रभावित हुन्छ, जसको असरबाट आय आर्जन गर्ने क्षमतामा ह्रास आउँछ भने स्वास्थ्य उपचार गर्न खर्च बढी हुन्छ । तथापि सहरको पर्यावरण बिगार्नमा मूलतः आर्थिक–राजनीतिक पहुँच भएका शासक र अभिजात वर्गको बढी भूमिका हुन्छ । यसबाट प्रत्यक्ष रूपमा जोखिममा जीवन बिताइरहेका गरिब सहरवासी प्रभावित हुन्छन् । यही कारण पनि सहरी गरिबीका अन्य पाटोलाई केलाउन सहरको आर्थिक–राजनीतिक सम्बन्धलाई मिहिन ढंगले विश्लेषण गर्न आवश्यक हुन्छ ।

सहरी राजनीति र शासनको अध्ययन अत्यावश्यक भए पनि देशको समग्र राजनीतिले नै सहरी राजनीतिलाई डोऱ्याउने भएकाले सहरी राजनीतिको मात्र अध्ययन गर्न किन आवश्यक छ भन्ने तर्क पनि जोड्दारसाथ उठ्ने गर्छ । अर्थात् सहरी निकायहरूलाई राज्यले देशकै अर्थतन्त्रको नियन्त्रणमा र आफ्नो मातहतमा राख्ने भएकाले यस्तो अध्ययनको आवश्यकता कमैले महसुस गरेको पाइन्छ । नेपालको प्राज्ञिक र विकासे जगत्मा पनि यही मान्यता हाबी छ । तर निश्चित सहरहरूले प्रत्येक देशमा कसरी अन्य इलाका वा सम्पूर्ण देशमाथि पकड कायम गर्छन् ? कसरी सहरको मात्रै नभएर देशलाई नै प्रभाव पार्ने हिसाबले राजनीति र शासनको बागडोर राज्यका धनी र शक्तिशाली वर्गले चलाउँछन् ? अन्ततः नगरपालिकालगायत सार्वजनिक हकहितका लागि खुलेका संस्थाहरू कसरी

निरीह संस्थामा रूपान्तरित हुन्छन् वा कुलीन वर्गको फाइदाका लागि प्रयोग हुन्छन् ? आदि पाटोहरूको आर्थिक-राजनीतिक विश्लेषण बेगर सहरी गरिबीका आयामहरू बुझ्न कठिन हुन्छन् ।

उदाहरणका लागि २०६३ साउन ३० का दिन नेपाल राष्ट्र बैंकले एउटा सूचना सार्वजनिक गर्‍यो । त्यो सूचना लामो समयदेखि बैंकको ऋण नतिरेर अवैधसूचीमा परेका व्यापारीहरूको थियो । केवल ५३ जना व्यापारीहरूले झण्डै ३० अर्ब रुपैयाँ नतिरेको सूचना थियो यो । यसमध्ये क्रमसंख्यामा पर्ने सुरुका दश व्यापारीले मात्र २५ अर्ब रकम उपभोग गरेको तथ्यांक छ । केवल दश जना व्यापारीहरूले दुरुपयोग गरेको यो रकम देशको समग्र बजेटको करिब १५ प्रतिशत छ भने ५३ जना व्यापारीको दुरुपयोग करिब १७ प्रतिशत हुन आउँछ । बैंकले उनीहरूको नाम सार्वजनिक गरेपछि आफ्नो नाम अवैधसूचीबाट हटाउन चण्डी ढकालहरूले सार्वजनिक रूपमै चौतर्फी दबाब दिए । दबाब दिने क्रममै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको निवासमा नेपाल उद्योग वाणिज्य महासंघ र चेम्बर अफ कमर्समार्फत 'डेलिगेसन' लिएर पुगेका विनोदबहादुर श्रेष्ठ, सुरेन्द्रवीर मालाकार, चण्डी ढकालहरूले यो ऋण नतिर्ने बताएका थिए (नेपाल समाचारपत्र २०६३) । दबाबकै लागि उनीहरूले नेपाल बन्द गर्ने आह्वान पनि गरे, जुन लगतै रद्द गरियो (बस्नेत २०६३; कान्तिपुर २०६३) । यी कालासूचीका व्यापारीहरूको तर्क छ एक दशकदेखि देशमा चलिरहेको द्वन्द्व र राजनीतिक अस्थिरताका कारण उनीहरूको व्यापार फस्टाउन सकेन । त्यसैले उनीहरू तत्काल ऋण तिर्न असमर्थ छन् । साथै हजारौँलाई रोजगारी उपलब्ध गराएर उनीहरूले देशको सेवा गरिरहेका छन् । त्यसैले उनीहरूको व्यवसाय लिलाम गरेमा हजारौँको रोजगारी जाने छ । बैंकमा जम्मा गरेको सर्वसाधारण र अझ पछिल्लो समयमा धेरै द्वन्द्वबाट पीडित परिवारहरूले सञ्चित गरेको पैसा दुरुपयोग गरेर ऋण नतिर्नका लागि अघि सारिएका यी तर्क हास्यास्पद छन् ।

राजनीतिक शक्तिको दुरुपयोग गरेर उनीहरूले धितोभन्दा धेरै गुणा बढी ऋण लिए । एउटा औपचारिक समारोहमा सार्वजनिक लेखा समितिका सदस्य विनयध्वज चन्दले भनेअनुसार यी व्यापारीहरूको नेपालमा रहेको सम्पूर्ण सम्पत्ति जफत वा लिलाम गर्‍यो भने पनि उनीहरूले लिएको ऋण असुली हुँदैन । यसको मतलब बैंकका माथिल्लो अधिकृतहरूसँग मिलेर भ्रष्टाचार गरेको प्रस्टै हुन्छ । साथै अनियमितता गरेर हासिल गरेको सम्पत्तिबाट नै उनीहरूले पुनः राजनीतिक प्रभाव कायम गरेका छन् । सार्वजनिक लेखा समितिका अध्यक्ष चित्रबहादुर केसीका अनुसार यी व्यापारीमध्ये राजनीतिक संरक्षण र समर्थन नपाएका

साहुजीहरू छैनन् । धेरै जनाको पहुँच र प्रभाव राजपरिवारसँग छ भने बाँकीका नेपाली काँग्रेस र एमाले जस्तो ठूला पार्टीसँग छ । प्रधानमन्त्रीको परिसरबाट चण्डी ढकालले ऋण नतिर्ने र कसैले उनीहरूलाई केही गर्न नसक्ने चुनौती दिएको घटनाबाट प्रस्ट हुन्छ ठूलो राजनीतिक ढाडसको आडमा देशका ठूला उद्योगी-व्यापारीहरूले सर्वसाधारणको स्रोतको दुरुपयोग गरिरहेका छन् । वास्तवमा उनीहरूले दुरुपयोग मात्र गरिरहेका छैनन् सँगै औद्योगिकीकरण र उत्कृष्ट आर्थिक वृद्धिका सम्भावनालाई छेकबार पनि गरिरहेका छन् । साथै उत्कृष्ट अवसरको लागतलाई यी व्यापारीहरूको भ्रष्ट आचरण, स्रोतको दुरुपयोग, यही दुरुपयोगको आधारमा कायम गरेको राजनीतिक शक्ति र सामाजिक पद आदिले रोकिरहेको छ । परिणाम सहरमा मात्र नभएर देशमै आर्थिक र राजनीतिक असमानता सिर्जना गर्न यी व्यापारीहरू प्रमुख कारक बनिरहेका छन् । यसले धेरै उद्यमीहरूको ऋण लिने अवसर, राम्रो उद्योग व्यापार चलाउने सम्भावना र आर्थिक न्यायका अधिकार खोसिएको छ । अन्य हजारौँ व्यापारीहरूले आफ्ना आर्थिक अधिकार न्यायपूर्ण तवरबाट उपभोग गर्न पाएको अवस्थामा लाखौँ व्यक्तिले रोजगारी पाउने सम्भावना पनि जीवित रहने थियो । तर यस्तो अवस्था आउन नदिन सीमित परिवारले आफ्नो निजी स्वार्थका लागि गरिब नेपाली र त्यसमा पनि द्वन्द्वबाट पीडित नागरिकहरूको पैसा दुरुपयोग गरिरहेका छन् । अर्थात् नेपाली नागरिकलाई गरिब बनाइरहन र सहरी गरिब उत्पादन गर्न यिनीहरूले महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् । साथै आफ्नो पक्षमा नीति बनाउन सरकारलाई प्रभावित पारिरहेका छन् ।

गरिबी मात्र हैन सहरमा भ्रष्टाचार र अनियमितता कायम राख्न, राजनीतिलाई अस्थिर राख्न र देशमा दण्डहीनताको स्थितिलाई कायम राख्न यी व्यापारीहरू दिनरात सक्रिय छन् । विधि पुऱ्याएर ऋण नलिने, शक्ति र पैसाको सहारामा कम मूल्यको धितो राख्ने, राजनीतिक शक्तिको आड र संरक्षणमा ऋण नतिर्ने सार्वजनिक अभिव्यक्ति दिने कामहरू विधिको शासन नमान्ने र दण्डहीनता अभ्यास गरिरहने कार्यहरू हुन् । यसको प्रत्यक्ष प्रभाव सहरको जीवनयापन, आर्थिक संवृद्धि र देशको आर्थिक संरचनामा परिरहेको छ ।

विश्वको सन्दर्भलाई हेर्दा यस्ता पक्षहरू अध्ययन गर्ने दुइटा धारणा पाइन्छन् । एउटा बहुलवादी धारणा हो भने अर्को संरचनागत । पहिलो धारणाअनुसार सहरी राजनीति एउटा स्वायत्त पक्ष हो जसले वास्तविक अधिकार र मुख्य स्रोतलाई नियन्त्रण गर्दछ । वास्तविक अधिकार र प्रमुख स्रोतहरूमा नियन्त्रण कायम गर्न स्वार्थीपना वा व्यक्तिगत फाइदालाई प्राथमिकता दिएर आफ्नो पक्षमा नीति

निर्माण गर्न स्रोतको बाँडफाँड र अन्य वादविवादमा साँठगाँठ बनाउन धेरै समूह सक्रिय रहन्छन् । एकसाथै अनेकौं स्वार्थहरू सलबलाउनाले निजी अर्थतन्त्रले स्थानीय राजनीतिलाई आफ्नो वशमा राख्दैन भन्ने विश्वास गरिन्छ । अर्थात् कुनै एक समूहले केही स्रोतमा मात्र नियन्त्रण कायम राख्न सफल हुने भएकाले बहुलवादी धारणाअनुसार पर्याप्त स्रोतहरू एउटै वा निकै सानो समूहको नियन्त्रणमा हुँदैन साथै कुनै ठूलो वा शक्तिशाली समूहले अरू समूहलाई आफ्नो वशमा लिन सकेको पनि हुँदैन । परिणाम विभिन्न साँठगाँठ गरी समूह बनाउनुपर्ने हुन्छ । यही साँठगाँठ गर्ने समूहबीचको सम्बन्धले नै सहरी राजनीतिलाई परिभाषित गर्दछ । राजकीय अधिकारको आधारमा स्रोत र साधनमाथि कब्जा जमाउने, वंशजको आधारमा नागरिकमाथि शासन गर्ने प्रपञ्च रचिरहने, विधिको शासनभन्दा माथि राजसंस्था र राजपरिवारका सदस्यहरूलाई राखिरहने, निश्चित परिवार र संस्थालाई कानुनभन्दा माथि राखेको आधारमा अन्य राजनीतिकर्मी र ठूला व्यापारीहरूलाई पनि कानुनले उन्मुक्ति दिने र सीमित परिवारले राज्यको कोष र ढुकुटी दुरुपयोग गरेर आमनागरिक र देशलाई नै गरिब बनाउने जस्ता कार्यहरू खुला रूपमा भइरहको समाजमा बहुलवादी धारणाको बुझाइ अधुरो हुन जान्छ । त्यसैले नेपालको ग्रामीण वा सहरी गरिबीका आयाम बुझ्न संरचनात्मक धारणातर्फ समेत फर्कनुपर्ने हुन्छ । संरचनात्मक धारणाअनुसार स्थानीय निर्णयहरूलाई समाजमा घुसेका प्रभावशाली वा आभिजात्य समूहले प्रभाव पार्छन् भन्ने तर्क राखिन्छ । बहुलवादी धारणालाई विरोध गर्न संरचनात्मक धारणा राख्नेले राज्य र यसअन्तर्गतको सामाजिक, आर्थिक प्रणालीले राजनीतिक सवाललाई प्रभाव पार्दछन्, जसले निर्णयको दायरा केही सुरक्षित सवालमा मात्र सीमित गरिन्छ । यी सुरक्षित सवालले विद्यमान सामाजिक आर्थिक संरचनालाई बिगार्न सक्दैन । नतिजा केही समूह/वर्गले लिइरहेका ठूला र रणनीतिक फाइदाहरू कायमै हुन्छन् भने अरूले कम फाइदा पाउँछन् र धेरै अवस्थामा ठूलो नोक्सान बेहोर्नु परिरहेको हुन्छ (Mollenkopf 2001: 219-228) । यो नै नेपालको वास्तविकता हो । त्यसैले पनि आर्थिक राजनीतिक शक्ति संरचनालाई फेरिनुपर्ने मागसहित पछिल्ला केही वर्षदेखि चलिरहेको राज्य पुनर्संरचनाको बहस सहरी र ग्रामीण गरिबीसँग गहिरो हिसाबले जोडिएको छ ।

माथि उल्लिखित बहुलवादी वा संरचनात्मक धारणाअनुरूप शक्तिशाली वर्ग/समूहले राजनीतिमा प्रभाव पारेका हुन्छन् । तैपनि पहिलोले धेरै समूहको खेल चल्दछ भन्ने तर्क राख्दछ भने दोस्रोले सामाजिक, आर्थिक संरचना नै यस्तो हुन्छ कि आभिजात्य वर्गलाई असमानताले फाइदा पुऱ्याउँछ ।

सहरी गरिबहरूको जीविकोपार्जनमा सीधा सम्बन्ध राख्ने अर्को पक्ष सहरी सेवाहरूमाथिको पहुँच हो, जसका केही उदाहरणसहित चर्चा भइसकेको छ । द्रुत गतिमा बढिरहेको जनसंख्याको चाप यसको एउटा कारण हो । अर्को कारण सहरी गरिबमा यस्ता सेवा उपभोग गर्ने आर्थिक, सांस्कृतिक र राजनीतिक शक्तिको अभाव पनि हो । गरिबहरूसँग आय कम हुने, छाक टार्न रातपहर खटिरहने बाध्यता, सामाजिक अन्तर्क्रिया अन्य सम्बन्ध विस्तार गर्न समय अभावको कारण कम आपसी एकता हुने भएकाले संगठित हुने क्षमता कम हुन्छ । कतिपय अवस्थामा गैरकानुनी हिसाबले बसोबास गरेको कारण अत्यावश्यक सुविधाका लागि सरकारी निकायमाथि चाप वा दबाब दिन गाह्रो हुन्छ । यसका लागि तेस्रो पक्षमा भर पर्नुपर्ने हुन्छ । परिणाम राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैसस अथवा निजी क्षेत्र र सहरी गरिबीका विभिन्न अन्तरसम्बन्धहरू केलाउन आवश्यक छ । यस पुस्तकमा गैसस वा निजी क्षेत्रले सहरी गरिबीका विषयमा गरेका कामहरूबारे केवल सुकुमबासी र खानेपानीको सन्दर्भमा मात्र चर्चा भएको छ । अन्य धेरै पक्षलाई समेट्न सकिएको छैन । नेपालमा सहरी गरिबी निवारणसम्बन्धी संयुक्त राष्ट्र विकास कार्यक्रम (युएनडीपी) ले सञ्चालन गरेको ग्रामीण सहर साझेदारी कार्यक्रम (आरयुपी), युएनडीपी र जीटीजेडबाट सञ्चालित युडीएलइ (उर्वन डेभलप्मेन्ट थ्रु लोकल इफोर्टस्) मुख्य छन् । गैरसरकारी संस्थाहरूले सहरमा पनि गरिबहरूलाई संगठित गर्ने, घरभित्र सञ्चालन गर्न सकिने उद्योग/व्यवसाय सञ्चालन गर्ने, साधारण आधारभूत सेवा प्रदान गर्ने, महिलाहरूको समूह बनाई साना ऋणमार्फत केही व्यवसाय सञ्चालन गर्न लगाउने, विभिन्न सीप प्रदान गर्ने आदि क्रियाकलाप गर्दैआएका छन् । यी कार्यक्रमबाट संगठित भई आफ्नो अधिकार खोज्ने ससाना उपलब्धि भएका छन् (हेर्नुहोस् तानाका यसै पुस्तकमा) । यस्ता संघ संगठनले सहरी क्षेत्रका गरिब, असहाय तथा पीडित टोल/छिमेक/समूह/व्यक्तिलाई उनीहरूको अधिकार र प्राप्त अवसरप्रति सचेत गराएमा, उनीहरूले नै आवश्यक सेवा उपलब्ध गर्न जमर्को गर्ने गरेको उदाहरण पाइन्छ । तर यस्ता धेरै विषय र यी विषयसँग गाँसिएको वैदेशिक सहायताको राजनीति माथिको अध्ययनबेगर सहरी गरिबीको केही पक्षबारे धेरै भन्न सकिन्न । अन्तर्राष्ट्रिय विचारहरूले सहरी गरिबी न्यूनीकरणका कार्यक्रमलाई कसरी प्रभावित पारिरहेका छन् भनेर बुझ्न पनि यी विषयको अध्ययन आवश्यक छन् । स्पष्टै छ सहायतासँग गाँसिएर आउने कार्यक्रम र वैचारिक प्राथमिकतालाई चिर्दै नेपाली समाजको आवश्यकताअनुसार गैससहरूले निकै कम काम गरेका छन् । यसर्थ गैसस र निजी क्षेत्रले गरिबहरूको पक्षमा ठूलै फरक पार्ने किसिमले काम गर्न

सकेको दृष्टान्तको अभाव छ । तथापि व्यापक स्तरमा काम गर्ने सम्भावना प्रचुर छ। गरिबहरू आफैले पनि यथेष्ट हस्तक्षेप गर्न नसक्ने हुँदा सहरी सेवामा सरकारी नीतिहरू सम्पन्न वर्गको पक्षमा बन्ने गर्छ। यही असमानतालाई समुचित र न्याय संगत बनाउन गैससले गरिबहरूको पक्षमा भूमिका खेल्न सक्छन् ।

यस लेखको सुरुमै उल्लेख भएअनुसार सहरी गरिबी धेरै लामो समयसम्म छायामा पऱ्यो। कसैको चासोको विषय बनेन। त्यसपछि सन् १९८० को दशकको बीचबाट सुरु भएको संरचनात्मक समायोजन कार्यक्रमले सहरी सेवाको विस्तारमा रोक लगायो । साथै उपलब्ध सेवाहरू महँगो पनि बनाउँदै लगियो । अर्कोतर्फ रोजगारीको स्थिति झन् नराम्रो भयो । विभिन्न नियम/कानुनहरू श्रमिकको विपक्षमा बनाइए र निजी क्षेत्रलाई नै सर्वेसर्वा बनाउने नीतिमा जोड दिइयो । फलस्वरूप श्रमिकहरूको आम्दानी घट्यो, बेराजगारी बढ्यो तथा सहरी सेवाबाट गरिबहरू वर्जित हुँदै गए। तथापि सरकारको नारा सदैव गरिबी घटाउने रहेको छ । दशौँ योजनामा अपनाइएको रणनीति पनि यही हो । सहरमा भौतिक संरचना बढाएर तथा बसोबासको व्यवस्था गरेर गरिबी घटाउने उद्देश्य यस योजनामा छ । यस लक्ष्यका तीन प्रमुख पक्षहरूमा संरचनाको माध्यमबाट दिगो सहरी विकास गर्ने; घर र ग्रामीण बस्तीको योजना बनाई सुरक्षित र कम खर्चिलो बसोबास गर्ने योजना; तथा सुरक्षित, कम खर्चिलो र वातावरणमैत्री भवनको विकास गर्ने नीति थियो । यी लक्ष्यले सहरमा गरिबहरूको बसोबास व्यवस्थित गर्नेतर्फ ध्यान दिएको छ । हुन त सहरी गरिबको मुख्य चासोको विषय बसोबास नै हो । सहरी क्षेत्रमा गरिबी कति छ भनेर अन्दाज गरिने पहिलो सूचक हो – कतिसँग आफ्नो बसोबास छ। यसले आम्दानी कस्तो छ भन्नेतर्फ पनि केही सूचना दिन्छ । तैपनि यो मात्र गरिबी परिभाषित गर्ने तरिका होइन । दशौँ योजनामा यी प्रावधान भए पनि २०६२ सालमा नगरपालिका र केही अन्तर्राष्ट्रिय र स्थानीय गैससहरूको प्रयासमा कीर्तिपुरमा ४४ घरपरिवार सुकुमबासीलाई पन्ध्र वर्षे किस्तामा बसोबास उपलब्ध गराएको एउटा उदाहरणबाहेक गरिब परिवारलाई घर वा आवास उपलब्ध गराइएको दृष्टान्त पाइँदैन । यसतर्फ अन्य ठोस काम पनि भएको छैन। स्थानीय स्वायत्त शासन ऐन २०५५ ले गरिबी निवारण गर्ने जिम्मा नगरपालिकालाई दिएको छ । तैपनि बिग्रँदो आर्थिक अवस्थाले गर्दा यी स्थानीय निकायले ठोस काम गर्ने संकेत देखाएका छैनन् ।

सहरी जीविकोपार्जनसम्बन्धी अध्ययन गर्दा सहर र गाउँबीचको सम्बन्धबारे थाहा पाउन उत्तिकै जरुरी हुन्छ। वास्तवमा कुनै पनि सहरको प्रकृति, यहाँ

उपलब्ध हुने रोजगारका सम्भावना र आर्थिक स्तर यसको वरिपरिको ग्रामीण परिवेशले निर्धारण गर्दछ । ग्रामीण क्षेत्रको अर्थतन्त्र, रोजगारको स्थिति, गाउँबाट सहरमा जाने वस्तुहरू आदिले सहरमा कस्ता उद्योग/धन्दा, सेवा उपलब्ध हुन्छन् भन्ने निर्धारण गर्दछ । यस्तै, ग्रामीण क्षेत्रको रोजगारको समस्या, आर्थिक समस्या तथा प्राकृतिक प्रकोपका कारणले त्यहाँका गरिब परिवार सहरी क्षेत्रमा बसाइँ सर्दछन् । यस्तै सहरको अर्थतन्त्र, उद्योगधन्दा, उपलब्ध सेवा र निश्चित वस्तुहरूको गाउँतर्फ निकासीले वरिपरिको ग्रामीण परिवेशलाई प्रभावित गरिरहेको हुन्छ । त्यसकारण ग्रामीण समस्या र सहरी समस्या आपसमा जोडिएका हुन्छन् । सहरले साधारणतः ग्रामीण क्षेत्रमा उत्पादित वस्तुलाई प्रशोधन आदि प्रक्रियाबाट मूल्य अभिवृद्धि गरेर बजारको माध्यमबाट अन्य क्षेत्रमा वितरण गर्न सहयोग गर्दछ । यसले ग्रामीण क्षेत्रको आय बढाउन सहयोग पुऱ्याउँछ । अर्कोतर्फ ग्रामीण क्षेत्रमा उपलब्ध नहुने सामग्री तथा सेवाहरू उपलब्ध गराएर त्यहाँको जीवनस्तर उकास्न पनि सहयोग गर्दछ । त्यसकारण गाउँ र सहरका विशेष गरी बजार क्षेत्रले जति बढी अन्तरसम्बन्ध राख्दछन्, यसबाट दुवै भेगलाई फाइदा पुग्छ । यसकारण साना बजार तथा सहरी केन्द्रहरू विकास गरी यिनीहरूलाई ठूला क्षेत्रहरूमा जोड्न सकेमा ग्रामीण विकास हुने विश्वास पनि गरिन्छ । यसअनुसारका नीतिहरू पनि बनाइएका छन् । नेपालको सन्दर्भमा भने सहरी क्षेत्रले ग्रामीण विकासमा विशेष टेवा नदिएको विभिन्न लेखले देखाउँछन् (Adhikari 2005) ।

गाउँ सरहको सम्बन्धलाई नेपालको परिवेशमा राजनीतिक दृष्टिकोणबाट पनि हेरिनुपर्छ । माथि भने जस्तै हालसम्म नेपाली समाजमा उपलब्ध स्रोतहरूमाथि पकड कायम गरेर मूलतः असमान नीतिहरूलाई प्रश्रय दिइएको छ । यस्तो अवस्था निर्माण गर्न सहरका व्यापारी र उद्योगपति र गाउँका राजनीतिकर्मीहरूको साँठगाँठ र मिलीभगतले काम गरेको छ । गहिरोसँग नियालेर हेरियो भने राजनीतिमा मूलतः ग्रामीण ठाउँ/परिवेशबाट आएका राजनीतिकर्मीहरूको पकड छ भने अर्थतन्त्रमा सहरी सम्भ्रान्तहरूको । हालसम्म यो लेखमा गरिएको विश्लेषणले बताउँछ आर्थिक र राजनीतिक सम्बन्धमा भएको सन्तुलित शक्तिको बाँडफाँडले नै नेपाल र नेपाली नागरिकलाई गरिब बनाएको हो । यसको मार सहर र गाउँ दुवै ठाउँमा उत्तिकै परेको छ । केवल वास्तविकता र भोगाइहरू भिन्न छन् ।

## सन्दर्भ सामग्री

कान्तिपुर । २०६३ । व्यापारीद्वारा अवज्ञा । ३१ असोज, पृ. १ ।

गौतम भास्कर, अधिकारी, जगन्नाथ र पूर्ण बस्नेत, सं. । २०६१ । *नेपालमा गरिबीको बहस* । काठमाडौँ : मार्टिन चौतारी ।

नेनसं । २०६२ । *इतिहासदेखि वर्तमानसम्म* । काठमाडौँ : नेपाल नगरपालिका संघ (नेनसं) ।

नेपाल समाचारपत्र । २०६३ । सरकार-उद्योगी वार्ता निष्कर्षविहीन : आमहडताल कायमै । ३१ असोज, पृ. १ ।

बस्नेत, बालकृष्ण । २०६३ । आमहडताल रोक्न आदेश । *कान्तिपुर*, ३१ असोज, पृ. १ ।

Adhikari, Jagannath. 2005. The Significance of Towns in Rural Development: A Case Study from Western Nepal. *Studies in Nepali History and Society* 10(2): 295-319.

Dolores, Hayden. 2001 [1996]. What Would a Non-sexist City be Like? Speculation on Housing, Urban Design and Human Work. In *The City Reader*. Richard T. Legates and Frederic Stout, eds., pp. 503-518. London and New York: Routledge.

Harvey, David. 1996. Social Justice, Postmodernism and the City. In *The City Reader*. Richard T. Legates and Frederic Stout, eds., pp. 199-207. London and New York: Routledge.

Karki, Tej Kumar. nd. An Assessment of the Urban Poverty Reduction Programme: Nepal. A Report Analysis, Supported by Lumanti. Lalitpur.

Legates, Richard T. and Stout, Frederic, eds. 2001 [1996]. *The City Reader*. London and New York: Routledge.

Leonie, Sandercock and Ann Forsyth. 2001 [1996]. A Gender Agenda: New Directions for Planning Theory. In *The City Reader.* Richard T. Legates and Frederic Stout, eds., pp. 446-462. London and New York: Routledge.

Mollenkopf, John. 2001 [1996]. How to Study Urban Political Power. In *The City Reader*. Richard T. Legates and Frederic Stout, eds., pp. 219-228. London and New York: Routledge.

Rachel, Masika. 1997. Urbanization and Urban Poverty: A Gender Analysis. Sussex: Institute of Development Studies, University of Sussex, UK. Bridge Report No. 54.

Regmi, Mahesh C. 1977. *Land Ownership in Nepal*. Delhi: Adroit Publishers.

Regmi, Mahesh C. 1978. *Thatched Huts and Stucco Palaces: Peasants and Landlords in 19th Century Nepal*. Delhi: Adroit Publishers.

Sharma, Pitamber. 1989. *Urbanization in Nepal.* Paper No. 110. Hawaii: East West Population Institute.

Tiwari, Sudarshan Raj. 2001. *The Ancient Settlements of the Kathmandu Valley.* Kathmandu: Centre for Nepal and Asian Studies.

Tiwari, Sudarshan Raj. 2002. *The Brick and the Bull.* Lalitpur: Himal Books.

Wheeler, Stephen. 2001 [1996]. Planning Sustainable and Liveable Cities. In *The City Reader.* Richard T. Legates and Frederic Stout, eds., pp. 434-445. London and New York: Routledge.